दिप्रुङ चुईचुम्मा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

याङसोलाटार, खोटाङ

Diprung chuichumma Rural Municipality

Office of the Rural Municipal Executive

Yangsolatar, Khotang


पत्र संख्या :- ०७८/०७९ प्रदेश नं. १, नेपाल

चलानी नम्बर : मिति :२०७८/०४/२१

## *प्रेस विज्ञप्ति*

गत बर्ष देखि विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को संक्रमण यस वर्ष थप भेरियन्ट लक्षण सहित अझ द्रुत गतीमा फैलिएको अवस्थाले हाम्रो दिप्रुङ चुइचुम्मा गाउँपालिका पनि आक्रान्त भएको छ । यो संक्रमणको अवस्थालाई न्यूनिकरण गर्नको लागि गाउँपालिकामा गठित कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण कार्यदलको मिति २०७८/०२/०७ गतेको बैठकले सबै वडामा एन्टीजेन परिक्षण गर्ने निर्णय अनुसार प्रत्येक वडाको विभिन्न स्थानमा कोभिड-१९ को संक्रमण आशंका भएका व्यक्तिहरुको कोभिड-१९ एन्टीजेन परिक्षण गर्ने तथा कोभिड-१९ पोजेटिभ सिकिस्त विरामीहरुको उद्धार गर्ने कार्यमा गाउँपालिका तत्परताका साथ अहोरात्र खटिरहेको अवस्थामा हप्ता दिन भित्रको परीक्षणको परिणामलाई मात्र हेर्दा पनि ९६ जनाको एन्टिजेन परीक्षण गर्दा ८ महिनाको बच्चा सहित ५० जनामा कोभिड-१९ पोजेटिभ देखिएको अवस्थालाई दुःखद क्षण मान्न हामी बाध्य छौं । तर पनि नागरिकहरुको आफ्नै घर आगनको आशा र भरोसाको केन्द्रको रुपमा रहेको स्थानीय सरकार भएको हुँदा हाम्रो गाउँपालिका कोभिड-१९ को लक्षणको आशंका भएका सबै नागरिकहरुको आवश्यकता अनुसारको परिक्षण गराउन तत्परताका साथ लागि रहेको छ । त्यसैले कसैले पनि रोग नलुकाउ, उचित र सही सूचना प्रदान गरी गाउँपालिकाबाट सेवा प्रदान गर्न सहयोग गर्नु हुन सबैमा हार्दिक आग्रह गर्दछु । यस विपदको समयमा सबै नागरिकहरु हतोत्साहित नभई उच्च मनोबलका साथ यो संक्रमण सँग जुध्न हार्दिक अपिल गर्दै सबै संक्रमित नागरिकहरुको सिघ्र स्वास्थ्य लाभको कामना गर्दछु ।

..............................

भुपेन्द्र राई

गाउँपालिका अध्यक्ष


भुपेन्द्र राई

गाउँपालिका अध्यक्ष